०४८-५४०३३३ प्र.जि.अ.
०४८-५४०५०१ स.प्र.जि.अ.
०४८-५४०३७०
०४८-५४००८८
०४८-५४०१३३
इमेल: daoramechhap@moha.gov.np
daoramechhap@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मन्थली, रामेछाप

पत्र संख्या:- ०८३/८४
चलानी नं.:- ८२३

मिति:- २०८३/०६/२७
ने.सं.: ११४६

श्री स्थानीय तह सबै, (८ वटा),
रामेछाप ।

विषय:- रसुवा भोटेकोशी बाढीमा वेपत्ता व्यक्तिहरुको मृत्यूको घोषणा गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता भएका तहाँ गाउँपालिका/नगरपालिका भित्रका व्यक्तिहरुका सम्बन्धमा नेपाल सरकारद्वारा मिति २०८३ असोज २३ गते **"नेपाल राजपत्रमा प्रकाशित विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०८३"** तथा **"रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिकता विवरण एकिन गर्ने प्रक्रिया, २०८३"** बमोजिम बेपत्ता भएका व्यक्तिहरुको मृत्यूको घोषणा गर्ने प्रयोजनका लागि वेपत्ता एकिन गर्ने सम्बन्धमा मिति २०८३/०६/२७ गते बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयानुसार उल्लिखित अध्यादेश र एकिन गर्ने प्रक्रिया २०८३ बमोजिम गर्नुपर्ने कार्यहरु तत्काल सुरु गरी निर्णय बमोजिम तोकिएको सयमसीमा भित्र सम्बन्धित वडा र तहाँ गाउँपालिका/नगरपालिकाबाट सम्पन्न गर्नुपर्ने प्रक्रिया पूरा गरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पठाउने व्यवस्था गर्नुहुन निर्णयानुसार अनुरोध छ।

साथै, उल्लिखित प्रक्रिया समयमा नै पूरा गरी राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणमा विवरण पठाउनु पर्ने भएको हुँदा तोकिएको समयसीमा भित्र कार्यसम्पन्न हुन नसकेमा नेपाल सरकारबाट मृत्यूको घोषणा गर्ने कार्यमा वाधा पुग्ने भएकाले यसै साथ संलग्न **"रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिकता विवरण एकिन गर्ने प्रक्रिया, २०८३"** बमोजिम वडा र तहाँ पालिकाबाट सम्पन्न गर्नुपर्ने कार्य मिति २०८३/०६/२७ गते बसेको जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयानुसार समयसीमा भित्र नभएमा प्राविधिक तथा कानूनी समस्या र जटिलता उत्पन्न हुन सक्ने व्यहोरासमेत अनुरोध छ ।

२०८३।६।२६

(राम बहादुर के.सी.)
निमित्त प्रमुख जिल्ला अधिकारी

आज मिति २०८३ साल आश्विन २७ गते निमित्त प्रमुख जिल्ला अधिकारी श्री राम बहादुर के.सी.को अध्यक्षतामा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णय गरियो।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद/कार्यालय | समितिमा भूमिका | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राम बहादुर के.सी. | निमित्त प्रमुख जिल्ला अधिकारी | अध्यक्ष | |
| २. | श्री लव श्रेष्ठ | नगरप्रमुख/मन्थली नगरपालिका | सदस्य | |
| ३. | श्री प्रेम बहादुर थापा | उप-प्रमुख/जिल्ला समन्वय समिति | सदस्य | |
| ४. | श्री अनुशा खत्री | प्रतिनिधि/राष्ट्रिय स्वतन्त्र पार्टी | सदस्य | अनुषा |
| ५. | श्री रमेश काफ्ले | प्रतिनिधि/नेपाली कांग्रेस | सदस्य | |
| ६. | श्री होतराज ढकाल | उपाध्यक्ष/नेकपा एमाले | सदस्य | |
| ७. | श्री हेमन्त पौडेल | प्रतिनिधि/नेपाली कम्युनिष्ट पार्टी | सदस्य | |
| ८. | श्री रामचन्द्र कडेल | प्रतिनिधि/राष्ट्रिय प्रजातन्त्र पार्टी | सदस्य | |
| ९. | श्री दिपक कुमार घिमिरे | अध्यक्ष/पत्रकार महासंघ रामेछाप | सदस्य | |
| १०. | श्री रत्न प्रसाद कडेल | अध्यक्ष/गैसस रामेछाप | सदस्य | |
| ११. | श्री प्रकाश कुमार श्रेष्ठ | अध्यक्ष/रामेछाप उद्योग बाणिज्य संघ | सदस्य | |
| १३. | श्री शिव कुमार कार्की | सभापति/नेपाल रेडक्रस सोसाईटी रामेछाप | सदस्य | |
| १४. | श्री गंगा के.सी. | स.प्र.बल नेपाल | सदस्य | |
| १५. | उमाशंकर प्रसाद जयसवाल | DFO, डिभिजन वन कार्यालय, | सदस्य | |
| १६. | निर्मल पौडेल | प्र.अ., ए.क.बि.का. रामेछाप | सदस्य | |
| १७. | भुम ब. बुढा | विपद जोखिम पहुँच लिन्दु (नाकाजोली) [illegible] | सदस्य | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

| क.स. | नाम, थर | पद/कार्यालय | समितिमा भूमिका | दस्तखत |
| --- | --- | --- | --- | --- |
| १८. | प्रमोद दुङ्गेल | खाँडादेवी गाउँपालीका गाउँकार्यपालीकाको कार्यालय | सदस्य | |
| १९. | होम ब. खड्का | विपद् फोकल पर्सन मन्थली नगरपालिका रामेछाप | सदस्य | |
| २०. | राजन परियार | प्रमुख, रा.कृ.अ.का. का.डि.ए., रामेछाप | सदस्य | |
| २१. | आजन सिंह | आयोजना प्रमुख, सिंचाइ तथा जलस्रोत व्य. आयोजना | सदस्य | |
| २२. | पुष्पराज सिंह | नि. कार्यालय प्रमुख, खानेपानी तथा ढल व्य. कार्यालय, रामेछाप | सदस्य | |
| २३. | विशाल कँडेल | नायब सुब्बा, प्रविधि विभाग कार्यालय, रामेछाप | सदस्य | |
| २४. | पवित्रा खत्री | विपद् फोकल पर्सन रामेछाप नगरपालिका | सदस्य | |
| २५. | सन्तलाल प्रसाद जैसवार | प्रनाउ / जिल्ला प्रहरी कार्यालय रामेछाप | सदस्य | |
| २६. | दीपेन्द्र आङ्छेम्बे | प्रमुख सेनानी / श्री खड्गदल गण | सदस्य | |
| २७. | चुडामणी अर्याल | प्रशासकीय अधिकृत, जि.प्र.का. | सदस्य-सचिव | |
| २८. | | | सदस्य | |
| २९ | | | सदस्य | |
| ३०. | | | सदस्य | |
| ३१. | | | सदस्य | |
| ३२. | | | सदस्य | |
| ३३. | | | सदस्य | |
| ३४. | | | सदस्य | |
| ३५. | | | सदस्य | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

**बैठकः** जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, रामेछाप
**मितिः** २०८३/०६/२७
**स्थानः** जिल्ला प्रशासन कार्यालयको सभाहल
**समयः** दिनको ११:०० बजे

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

__निर्णयहरुः__

१. अघिल्लो बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

२. मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता भएका पाना २ मा उल्लिखित ४३ (त्रिचालिस) जना व्यक्तिहरूको अध्यावधिक विवरणका सम्बन्धमा छलफल गरियो ।

३. मिति २०८३/०५/१० गते रसुवा जिल्लाको भोटेकोशीमा आएको बाढीमा परी बेपत्ता भएका यस जिल्लाका ४३ जना व्यक्तिहरुका सम्बन्धमा नेपाल सरकारद्वारा मिति २०८३ असोज २३ गते नेपाल राजपत्रमा प्रकाशित **विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश** तथा मनसुन प्रतिकार्य कमाण्ड पोष्टको मिति २०८३/०६/२३ को निर्णयबाट स्वीकृत **रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिकता विवरण एकिन गर्ने प्रक्रिया, २०८३** बमोजिम बेपत्ता भएका व्यक्तिहरुको मृत्यू घोषणा गर्ने प्रयोजनका लागि वेपत्ता एकिन गर्न देहाय बमोजिम गर्ने।

- सम्बन्धित वडाले उल्लिखित अध्यादेश र एकिन गर्ने प्रक्रिया २०८३ बमोजिम गर्नुपर्ने आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित वडा समितिको निर्णयसहित मिति २०८३/०७/११ गतेभित्र सम्बन्धित गाउँपालिका/नगरपालिकामा अनिवार्य रुपमा पेश गरिसक्ने।
- सम्बन्धित गाउँपालिका/नगरपालिकाले वडाबाट प्राप्त विवरण सोही अध्यादेश र एकिन गर्ने प्रक्रिया २०८३ बमोजिम गर्नुपर्ने प्रक्रिया पूरा गरी मिति २०८३/०७/१८ गतेभित्र स्थानीय जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा अनिवार्य रुपमा पठाउने ।

२०८३/६/२७
निमित्त प्रमुख जिल्ला अधिकारी

## रसुवा जिल्लाको भोटेकोशी नदीमा मिति २०८३/०५/१० गते आएको बाढी पश्चात सम्पर्कमा नआएका रामेछाप जिल्लाका व्यक्तीहरुको विवरण

| सि.नं | नाम थर | लिङ्ग | उमेर | जिल्ला | स्थानीय तह वडा नं. र टोल | सम्पर्क विहिन भएको स्थान/कार्यस्थल (परिवारका सदस्यले दिएको जानकारी बमोजिम) | सूचकको नाम, नाता र सम्पर्क नं. | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुन्दर श्रेष्ठ | पु | २८ | रामेछाप | मन्थली न.पा.-१, आकाशे मन्थली | लामटाङ हाइड्रो रसुवा | राजन श्रेष्ठ(बुबा) ९८४३४५२०००, गोपाल श्रेष्ठ ९८४१३१६५३९ | |
| २ | गुञ्ज बहादुर श्रेष्ठ | पु. | ३२ | रामेछाप | मन्थली न.पा.-५ सुनारपानी | टिमुरे रसुवा | प्रद्युमन कार्की- ९८६३०२३१०४, पार्वती श्रेष्ठ (भाउजु)- ९८४४३२०५२०, रविन श्रेष्ठ (भाइ) | |
| ३ | अनिल तामाङ | पु | २६ | रामेछाप | मन्थली न.पा. १४ फुलासी | टिमुरे रसुवा | नर बहादुर तामाङ (बुबा)-९८४१०७६९६३, | |
| ४ | अभिषेक थिङ ल्तामा | पु. | ३७ | रामेछाप | मन्थली न.पा-१०, रामेछाप | स्याफ्रुवेशी रसुवा | राम कुमार तामाङ (भतिज) ९८४४१४१६३९, दिप कुमार तामाङ(सम्धी)- ९८६१५४५७६२ | |
| ५ | सानु कुमार श्रेष्ठ | पु | २६ | रामेछाप | मन्थली न.पा.-१ मन्थली | टिमुरे रसुवा | टंक कुमार श्रेष्ठ (बुबा) ९८५४०४०१९७ | |
| ६ | दिपेश बस्नेत | पु | ३२ | रामेछाप | मन्थली न.पा. ४ अर्चले | टिमुरे रसुवा | यज्ञ बहादुर बस्नेत (बुबा)-९८४१८०५४२४, सारगविक्रम बस्नेत (दाई नाता पर्ने) ९८५४०४०३८२ | |
| ७ | मिनराज मोक्तान | पु | ३९ | रामेछाप | मन्थली न.पा. ११ गेलु काउले | स्याफ्रुवेशी रसुवा | दीप कुमार तमाङ(भतिज) ९८६१५४५७६२ | |
| ८ | सुमन मगर | पु | २९ | रामेछाप | मन्थली न.पा.-४ सालु | रसुवागढी सीमा नाका | सुजन मगर(भाइ) ९८४९६३२०८० | |
| ९ | इन्द्र बहादुर खत्री | पु | ४२ | रामेछाप | मन्थली न.पा.-३ कठजोर | रसुवागढी सीमा नाका | बलभद्र खत्री(दाई)-९८५११०२६३६ | |
| १० | नवराज श्रेष्ठ | पु. | ३४ | रामेछाप | रामेछाप न.पा.१ गोठपानी | टिमुरे रसुवा | प्रेम बहादुर श्रेष्ठ (दाजु ) ९८४१९८६४५६, पूर्ण श्रेष्ठ-९८४१०४५४३७ | |
| ११ | गुञ्ज श्रेष्ठ | पु. | ३२ | रामेछाप | रामेछाप न.पा.१ गोठपानी | टिमुरे रसुवा | प्रेम बहादुर श्रेष्ठ (दाजु ) ९८४१९८६४५६, पूर्ण श्रेष्ठ-९८४१०४५४३७ | |
| १२ | हेमलाल श्रेष्ठ (राजन) | पु. | ३५ | रामेछाप | रामेछाप न.पा.१ गोठपानी | टिमुरे रसुवा | प्रेम बहादुर श्रेष्ठ (दाजु ) ९८४१९८६४५६, पूर्ण श्रेष्ठ-९८४१०४५४३७ | |
| १३ | सुमन बिक्रम कार्की | पु. | ४० | रामेछाप | रामेछाप न.पा. ७ सुकजोर | टिमुरे रसुवा | कमल विक्रम कार्की (बुबा)-९८४४१४३७२७, ९८५१०९६२९४ | |
| १४ | दिल बहादुर प्रधान | पु. | ५० | रामेछाप | रामेछाप न.पा. ३ साँघुटार | टिमुरे रसुवा | दिनेश प्रधान (छोरा)-९८६११९६७०८ | |
| १५ | मिन आलेमगर | पु. | ४७ | रामेछाप | रामेछाप न.पा. ४ हिमगंगा | टिमुरे रसुवा | टहल बहादुर आले (बुबा)-९८४४२८२१२१ | |
| १६ | नवराज आलेमगर | पु. | ३६ | रामेछाप | रामेछप न.पा ४ हिमगंगा | टिमुरे रसुवा | सन्जु आलेमगर (श्रीमती)-९८४२३८३४७२, निम बहादुर श्रेष्ठ (शिक्षक)-९८४४२८२१२१ | |
| १७ | सानु कार्की | म | ७० | रामेछाप | रामेछाप न.पा.-७ रामेछाप | पहिरोबेसी नुवाकोट | विष्णु बहादुर कार्की (भतिज)-९८४९७१७१७५ | |
| १८ | राजन कार्की | पु | ५५ | रामेछाप | रामेछाप न.पा.-७, रामेछाप | पहिरोबेसी नुवाकोट | विष्णु बहादुर कार्की (भतिज)-९८४९७१७१७५ | |
| १९ | सुवास तामाङ | पु | २५ | रामेछाप | रामेछाप न.पा.-५, रामपुर रामेछाप | टिमुरे रसुवा | भीम बहादुर तामाङ(छिमेकी)-९८५४०४३९९९ | |
| २० | तारानाथ चौलागाई | पु | ५५ | रामेछाप | दोरम्बा शैलुङ गा.पा. ६ लखनपुर | रसुवागढी सीमा नाका | घन्ननाथ चौलागाई (भाई)- ९८४१५४४६८८ | |
| २१ | डम्बर बहादुर मगर | पु. | ५३ | रामेछाप | दोरम्बा शैलुङ गा.पा.२, दोरम्बा | मैलुङ पावर हाउस रसुवा | ज्ञानु माया मगर (बहिनी)-९८६१२९६९१२ | |
| २२ | सुर्य बहादुर मन्नार | पु. | ३० | रामेछाप | दोरम्बा शैलुङ गा.पा २, दोरम्बा | टिमुरे रसुवा | ज्ञानु थापा मगर- ९८६१२९६९१२, डिना मगर (श्रीमती)- ९८६०७५३१७० | |
| २३ | बम बहादुर मन्नार | पु. | ३३ | रामेछाप | दोरम्बा शैलुङ गा.पा २, दोरम्बा | टिमुरे रसुवा | ज्ञानु थापा मगर- ९८६१२९६९१२, प्रेम कुमारी मगर(श्रीमती)- ९८६०७५३१७० | |
| २४ | तेन्जु शेर्पा | पु. | ४० | रामेछाप | दोरम्बा शैलुङ गा.पा १ डडुवा | टिमुरे रसुवा | लाङबुदे शेर्पा (भाई), दावा दोर्जे शेर्पा-९८४९९९५८२९ | |
| २५ | लाक्पा दोर्जे शेर्पा | पु. | २७ | रामेछाप | दोरम्बा शैलुङ गा.पा १ डडुवा | टिमुरे रसुवा | निम पासाङ शेर्पा (दिदि)-९७६१७८५९०३ | |

निमित्त प्रमुख जिल्ला अधिकारी

| सि.नं | नाम थर | लिङ्ग | उमेर | जिल्ला | स्थानीय तह वडा नं. र टोल | सम्पर्क विहिन भएको स्थान/कार्यस्थल (परिवारका सदस्यले दिएको जानकारी बमोजिम) | सूचकको नाम, नाता र सम्पर्क नं. | कै |
|---|---|---|---|---|---|---|---|---|
| २६ | निरा थापा | म. | ३६ | रामेछाप | दोरम्बा शैलुङ गा.पा ४ गोश्वरा (माईती) | बेत्रावती नुवाकोट | बासु आचार्य (श्रीमान)-९८४०३१८९२३ | |
| २७ | राम कुमार मोत्तान | पु. | ३७ | रामेछाप | दोरम्बा शैलुङ गा.पा. -२ दोरम्बा | अपर त्रिसुली-२१६ सिनो हाइड्रो जलविद्युत आयोजना रसुवा | धनलाल मोक्तान(बुबा)-९८४१३२४९०४, प्र.स.नि. मोहन तामाङ(दाई) | |
| २८ | भिम बहादुर थापा मगर | पु | ६० | रामेछाप | दोरम्बा शैलुङ गा.पा.-१ डडुवा | टिमुरे रसुवा | धन बहादुर थापा मगर (भाई)-९८४१९६०८११ | एकै परिवारका बाबु र छोरीहरू रहेको |
| २९ | पुष्पा थापा मगर | म | २३ | रामेछाप | दोरम्बा शैलुङ गा.पा.-१ डडुवा | टिमुरे रसुवा | | |
| ३० | सम्झना थापा मगर | म | २१ | रामेछाप | दोरम्बा शैलुङ गा.पा.-१ डडुवा | टिमुरे रसुवा | | |
| ३१ | लि बहादुर वि.क.(राजु) | पु. | ४६ | रामेछाप | गोकुलगंगा गा.पा -४ बेताली | टिमुरे रसुवा | रिया गजमेर(भतिजी)- ९८१८३४७३७६, अमृता गजमेर (श्रीमती) | |
| ३२ | ईश्वरी बहादुर खड्का | पु. | ६१ | रामेछाप | गोकुलगंगा गा.पा-४ बेताली | टिमुर रसुवा | श्याम खड्का (छोरा)- ९८४५९३१८८९ | |
| ३३ | सुरज श्रेष्ठ | पु. | २० | रामेछाप | गोकुलगंगा गा.पा.-४, बेताली | रसुवागढी सीमा नाका | समिर श्रेष्ठ(दाई)-९८१७६९३५६२ | |
| ३४ | प्र.ज सम्राट सेर्पा | पु | २६ | रामेछाप | गोकुलगंगा गा.पा.३, रस्नालु | ई.प्र.का टिमुरे रसुवा | आङदावा शेर्पा(बाबु)-९७६७३०२५५१ | |
| ३५ | कुमार वि.क. | पु | ४२ | रामेछाप | गोकुलगंगा-३ रस्नालु | स्याफ्रुवेशी रसुवा | रचना वि.क. (बहिनी)-९८४४१९४७५३ | |
| ३६ | मधु कुमार कार्की | पु. | ५५ | रामेछाप | उमाकुण्ड गा.पा.-३ कुबुकास्थली | टिमुरे रसुवा | कृष्ण कुमार कार्की (भाइ)-९८५१००६५१२ | |
| ३७ | डिमा शेर्पा | पु | ३२ | रामेछाप | उमाकुण्ड गा.पा. १ गुम्देल | अपर त्रिसुली-१ जलविद्युत आयोजना रसुवा | दोर्जी शेर्पा(दाजु)-९७६५०३८०६५, पेमा शेर्पा-९८६०६९३७६० | |
| ३८ | प्रकास मग्राती | पु | २३ | रामेछाप | खाँडँदेवी गा.पा.-४ पकरवास | रसुवा हाईड्रो | ज्ञान बहादुर मग्राती (दाजु)-९८६३३३२०११ | |
| ३९ | उत्तम प्रसाई | पु. | ३७ | रामेछाप | खाँडादेवी गा.पा.४ पकरबास | टिमुरे रसुवा | चन्द्र बहादुर प्रसाई (बाबु)-९८४९७१५०२२, लक्ष्मी राई (भाईको साथी)-९७४४९७४३८८ | |
| ४० | कुशल बुढाथोकी | पु. | २४ | रामेछाप | लिखु तामाकोसी गा.पा. ५, नागदह | टिमुरे रसुवा | सोम बहादुर बुढाथोकी (बुबा)- ९८६०९९५३२५ | |
| ४१ | बुद्धिमान लामा | पु. | २६ | रामेछाप | लिखु तामाकोसी गा.पा ५ नागदह | रसुवा हाईड्रो | प्रेम बहादुर लामा (बुबा)-९८६०६०७१०७ | |
| ४२ | पार्वती मानन्धर | म. | २२ | रामेछाप | सुनापति गा.पा.५ खनियापानी भिरकोट | टिमुरे, घट्टेखोला रसुवा (अध्यागमन कार्यालय) | दिपक मानन्धर(बुबा)-९८०८६४७११६, निखिल मानन्धर (दाई)-९७६३६२३९३७ | |
| ४३ | राजु तामाङ | पु. | २५ | रामेछाप | सुनापति गा.पा.३ हिलेदेवी | भन्सार कार्यालय रसुवा | चमेली घिसिङ (दिदि)-९८६१२३५२३०, बाबुराम योञ्जन (जि.स.स सदस्य)-९८५११९९१५४ | |

२०८२।३।२६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रामेछाप

निमित्त प्रमुख जिल्ला अधिकारी

## रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया, २०८३

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१४ गतेको ३७ औं बैठकको निर्णय नं. ३ मा बाढीमा परी बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा बेपत्ता भएका व्यक्तिको स्थायी ठेगाना रहेका सम्बन्धित स्थानीय तहको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले प्रमाणित गरी सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा पेश गर्ने, उक्त समितिले सिफारिस गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाउने र सो सम्बन्धी आवश्यक प्रकृया प्राधिकरणले निर्धारण गरे बमोजिम हुने निर्णय भएकोले सो को विस्तृत प्रक्रिया देहाय बमोजिम निर्धारण गरिएको छ।

(क) <u>नेपाली नागरिकको हकमा</u>

१. सम्बन्धित स्थानीय तहले बेपत्ता व्यक्ति यकिन गर्नका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्न आह्वान गरी बढीमा पाँच दिन समयावधी तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने।
२. प्रकाशित सूचना बमोजिम बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज र बेपत्ता व्यक्तिको नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणासहित सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिने।
३. बेपत्ता भएका व्यक्तिको एकाघर परिवारका सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने।
४. वडा समितिले प्राप्त निवेदनको जाँचवुझ गरी वेपत्ता यकिन गर्न स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिमा तुरुन्त सिफारिस गर्ने।
५. वडा समितिबाट सिफारिससाथ प्राप्त भएका बेपत्ता व्यक्तिहरुको विवरण जाँचवुझ गरी सम्बन्धित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले बेपत्ता यकिन गर्ने।
६. यकिन भएका बेपत्ता व्यक्तिको विवरण सम्बन्धित स्थानीय तहले दावी विरोधका लागि तीन दिनको म्याद दिई सार्वजनिक गर्ने।
७. सार्वजनिक गरिएको विवरणमा कसैको दावी विरोध परेमा सम्बन्धित स्थानीय तहले तीन दिनभित्र जाँचवुझ गरी अन्तिम यकिन विवरण सम्बन्धित वडा कार्यालय र जिल्ला प्रशासन कार्यालयमा पठाउने।

कार्यकारी प्रमुख

८. सम्बन्धित जिल्ला प्रशासन कार्यालयले पाँच दिनभित्र जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयसहित यकिन भएका बेपत्ता व्यक्तिहरुको विवरण प्राधिकरण र प्रदेशको विपद् हेर्ने मन्त्रालयमा पठाउने।

(ख) <u>विदेशी नागरिकको हकमा</u>

१. प्राधिकरणमा हालसम्म संकलन भएका बेपत्ता/सम्पर्कविहीन भएका विदेशी नागरिकहरुको विवरण प्राधिकरणले गृह मन्त्रालय मार्फत परराष्ट्र मन्त्रालयमा पठाउने।

२. परराष्ट्र मन्त्रालयले उक्त विवरण सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगमा पठाउने।

३. सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगहरुले उपलब्ध विवरण र सो सूचीमा थपघट भए सो समेत यकिन गरी अन्तिम बेपत्ताको सूची तोकिएको ढाँचामा प्रमाणित गरी परराष्ट्र मन्त्रालयमा पठाउने।

४. परराष्ट्र मन्त्रालयले सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगहरुबाट प्रमाणित भई आएको अन्तिम बेपत्ताको विवरण गृह मन्त्रालय मार्फत प्राधिकरणमा पठाउने।

५. सम्बन्धित दूतावास तथा कूटनीतिक नियोगबाट परराष्ट्र मन्त्रालय हुँदै गृह मन्त्रालयबाट प्राधिकरणमा यकिन भई आएको विवरण प्राधिकरणले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकमा पेश गर्ने।

६. बेपत्ता भएका व्यक्तिको मृत्युको घोषणाका लागि प्राधिकरणले कार्यकारी समितिको निर्णयसहित गृह मन्त्रालयमा पठाउने।

कार्यकारी प्रमुख

## निवेदनको ढाँचा

मितिः...../...../....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यालय,
..................................पालिका।

### विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा..............प्रदेश ...........जिल्ला....................पालिका........नं.वडा स्थायी ठेगाना भएका ................................................को नाती /नातिनी /बुहारी, ...........................................................................को छोरा /छोरी /बुहारी वर्ष..............को श्री ........................................................ मिति २०८३-०५-१० गते .........................................स्थानमा ...................................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

संलग्न कागजातहरू

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |



कार्यकारी प्रमुख

# स्वघोषणाको ढाँचा

मितिः ...../....../......

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय,
..................................पालिका

**विषयः स्वघोषणा ।**

रसुवा भोटेकोशी बाढीमा परी.................प्रदेश .......................जिल्ला.................................पालिका........नं. वडा स्थायी ठेगाना भएका .....................................................को नाति /नातिनी /बुहारी, .....................................................को छोरा /छोरी /बुहारी वर्ष...........को मेरो ......................नाता पर्ने श्री ..................................................... मिति २०८३-०५-१० गते ..............................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक

(नाम र सहीछाप)

| दायाँ | बायाँ |
|---|---|
| | |



नेपाल सरकार
गृह मन्त्रालय
... सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज २३ गते, २०८३ साल (अतिरिक्ताङ्क ४५


# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८३ सालको अध्यादेश नं. ०९

### विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस अध्यादेशको नाम "विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा संशोधन</u>** : विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को,-

(१) दफा १६ को उपदफा (२) पछि उपदफा (२क) थपिएको छ :-

"(२क) विपद्पश्चात् क्षतिग्रस्त सार्वजनिक पूर्वाधार, आवास तथा अत्यावश्यक सेवा पुनःस्थापना वा पुनर्निर्माण गर्न आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो वा अन्य निर्माण सामग्री जिल्लाभित्र उपलब्ध भएमा, प्रचलित कानूनबमोजिम प्राविधिक तथा वातावरणीय दृष्टिले उपयुक्त स्रोत र आवश्यक परिमाण यकिन गरी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तह वा निकायलाई त्यस्तो सामग्री उपलब्ध गराउन वा सोको सङ्कलन, उत्खनन, ढुवानी तथा उपयोगका लागि आवश्यक अनुमति दिन वा सहजीकरण गर्न निर्देशन दिन सक्नेछ र त्यसरी दिएको निर्देशन सम्बन्धित स्थानीय तह वा निकायले प्राथमिकताका साथ कार्यान्वयन गर्नु पर्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) दफा २४ को उपदफा (४) को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) दफा १६ को उपदफा (२क) बमोजिम दिइएको निर्देशन सम्बन्धित स्थानीय तह वा निकायले कार्यान्वयन नगरेमा,"

(३) दफा ३४ पछि देहायको दफा ३४क. थपिएको छ :-

"**३४क. <u>मृत्युको घोषणा गर्नसक्ने</u> :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्मा परी बेपत्ता भएका व्यक्तिको मृत्युको घोषणा कार्यकारी समितिको सिफारिसमा नेपाल सरकारले गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी समितिले सिफारिस गर्नुअघि बेपत्ता नेपाली नागरिकको हकमा बेपत्ता व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय तहबाट भएको सिफारिसको आधारमा सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णय सहित प्राधिकरणमा प्राप्त सूची उपर तथा बेपत्ता विदेशी नागरिकको हकमा सम्बन्धित मुलुकको नेपाल स्थित नियोग वा नेपाल हेर्नेगरी तोकिएको नियोगबाट प्राधिकरणमा प्राप्त सूची उपर बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए निज वा एकाघरको परिवारले दाबी पेश गर्न सात



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिनको समय दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचीमा उल्लिखित व्यक्ति मध्ये कुनै व्यक्ति जीवित रहेको वा फेला परेको भनी उपदफा (२) बमोजिमको सूचनाको समयावधिभित्र कसैले दावी वा विरोध गरेमा त्यस्तो व्यक्ति जीवित रहेको यकिन गरी सूचीबाट निजको नाम हटाई बेपत्ता व्यक्तिको मात्र मृत्यु घोषणा गर्न कार्यकारी समितिले सिफारिस गर्नेछ।

(४) उपदफा (१) बमोजिम मृत्युको घोषणा भएका व्यक्तिको विवरण प्राधिकरणले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम नेपाल सरकारले मृत्युको घोषणा गरेका व्यक्तिका हकमा प्रचलित कानूनबमोजिम मृत्युको न्यायिक घोषणा गरिरहनु पर्नेछैन।

(६) उपदफा (१) बमोजिम मृत घोषित भइसकेको व्यक्ति जीवित रूपमा फर्की आएमा मृत्युको घोषणा बदर गर्न निज वा निजको परिवारको सदस्यले निवेदन दिएमा जाँचबुझ गरी नेपाल सरकारले उपदफा (१) बमोजिमको मृत्युको घोषणा बदर गर्नेछ।

तर,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) मृत घोषित व्यक्तिको कानून बमोजिमको अधिकारमा कुनै प्रतिकूल असर पर्नेछैन।

(२) मृत घोषित व्यक्तिको परिवारले पाएको राहत तथा क्षतिपूर्तिमा कुनै असर पर्नेछैन।

(३) मृत घोषित व्यक्तिको पत्नीले त्यस्तो घोषणा पछि अर्को विवाह गरेको रहेछ भने मृत घोषित व्यक्तिसँगको वैवाहिक सम्बन्ध पुनः स्थापित हुन सक्नेछैन।"

(४) दफा ३९ को उपदफा (२) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) विपद्‌बाट बेपत्ता हुने व्यक्तिको परिवारलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्बन्धी,"

३. **<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा संशोधन</u>** : राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को,-

(१) दफा १८ को खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन् :-

"(ख१) खण्ड (ख) बमोजिम सूचना गर्ने व्यक्ति नभएको अवस्थामा प्रचलित कानून बमोजिमको संरक्षक वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथवरले वा त्यस्तो संरक्षक वा माथवर नभएमा स्थानीय तहको प्रमुख वा अध्यक्ष वा सम्बन्धित वडाको वडा अध्यक्षले,

(ख२) विपद्बाट मृत्यु वा बेपत्ता भएको विदेशी नागरिकको हकमा नेपालस्थित सम्बन्धित मुलुकको कूटनीतिक नियोग वा नेपाल हेर्नेगरी तोकिएको सो मुलुकको कूटनीतिक नियोगले, "

(२) दफा १९ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छ :-

"(३क) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद्को कारण मृत्यु भएको वा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३४क. बमोजिम मृत घोषणा भएको व्यक्तिको हकमा मृत्यु दर्ता गर्दा विलम्ब शुल्क लाग्नेछैन।"

(३) दफा २९ पछि देहायको दफा २९क. थपिएको छ :-

"**२९क. <u>विपद्बाट बेपत्ता व्यक्तिको घटना दर्ता सम्बन्धी विशेष व्यवस्था</u>** : (१) विपद्बाट बेपत्ता भएको व्यक्तिको हकमा विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम मृत्युको घोषणा भएपछि दफा १८ को उपदफा (१) को खण्ड (ख) वा (ख१) बमोजिमको व्यक्तिले मृतकको स्थायी ठेगाना वा अस्थायी बसोबास रहेको स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयमा देहायका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कागजातसहित मृत्यु दर्ताको लागि सूचना दिन सक्नेछ :-

(क) सूचना गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, र

(ख) विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारले मृत्युको घोषणा गरेको विवरणमा नाम समावेश भएको निस्सा।

(२) विपद्बाट मृत्यु भएको वा प्रचलित कानूनबमोजिम मृत्युको घोषणा भएको विदेशी नागरिकको हकमा दफा १८ को उपदफा (१) को खण्ड (ख२) बमोजिमको सूचकले सम्बन्धित मुलुकको नियोग रहेको स्थानीय तहमा वा नेपालमा नियोग नरहेका मुलुकको नागरिकको हकमा विभाग रहेको स्थानीय तहको पञ्जिकाधिकारीको कार्यालयमा देहायका कागजातसहित मृत्यु दर्ताको लागि सिफारिससहित सूचना दिन सक्नेछ :-

(क) मृतकको राहदानी वा प्रवेशाज्ञा, र

(ख) विपद्सम्बन्धी प्रचलित कानूनबमोजिम नेपाल सरकारले मृत्युको घोषणा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

गरेको विवरणमा नाम समावेश भएको निस्सा।

(३) उपदफा (२) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि बेपत्ता व्यक्तिको राहदानी वा प्रवेशाज्ञा पेस गर्न नसक्ने अवस्था भएमा सम्बन्धित मुलुकको सरकारबाट जारी भएको पहिचान खुल्ने आधिकारिक कागजात पेस गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीले तोकिएबमोजिम मृत्यु दर्ता गरी प्रमाणपत्र दिनेछ।"

प्रमाणीकरण मिति : २०८३।०६।२३

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू. ५।-
गो.द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।